पोखरा महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
न्युरोड, पोखरा
बोलपत्र आव्हान
सुचना नं. १। PMC । R। ०७६।०७७
प्रथम पटक प्रकाशित मिति : २०७७।३।१९

१.पोखरा महानगरपालिका, नगरकार्यपालिकाको कार्यालय न्युरोड,पोखराको तपसिल बमोजिमका आय ठेक्का सम्बन्धि बोलपत्र आव्हान गरिएकोले ईच्छुक फर्महरुले निवेदन साथ फर्म दर्ताको प्रमाणपत्र, मु.अ कर दर्ता प्रमाण वा प्यान नं. प्रमाणपत्र , आ.ब ०७५।०७६ को कर चुक्ता प्रमाणहरुको प्रमाणित प्रतिलिपी संलग्न गरी बोलपत्र खरीद गर्न सकिनेछ ।

| बोलपत्र नं. | बोलपत्र विवरण | बोलपत्र फारम दस्तुर | धरौटी रकम | कर बाहेक न्युनतम रकम | बैक ग्यारेन्टी कायम समय |
|---|---|---|---|---|---|
| २५/०७६/०७७ | महानगरको स्वामित्वको पोखरा ८ सिर्जना चोक स्थित भवनका सटरहरु र तलाहरु भाडामा | प्रति सटरको रु १००० र प्रति तलाको रु ३०००।०० | प्रत्येक सटरको रु ६०,००० प्रत्येक तलाको रु ३५०००० | प्रत्येक सटर र तलाको न्युनतम रकम महानगरपालिकाको वेव साईट र राजश्व शाखाबाट सुचना पाईनेछ । | १२० दिनको |
| २६/०७६/०७७ | मलमुत्र बिर्सजन | रु ३००० | २,००,०००।०० | ३६,५०,०००।०० | १२० दिनको |
| **२७/०७६/०७७** | **ल्याडफिलमा कवाडी संकलन** | **रु ३०००** | **१,५०,००० ।००** | **२५,५५,०००।००** | **१२० दिनका** |
| | | | | | |

२. बोलपत्र खरीद, दाखिला र खोल्ने मिति समयं र स्थान

| बोलपत्र नं. | बोलपत्र खरीद गर्ने अन्तिम मिति र समय | | बोलपत्र दालिखा गर्ने अन्तिम मिति, समय | | बोलपत्र खोल्ने समय | |
|---|---|---|---|---|---|---|
| | मिति | समय | मिति | समय | मिति | समय |
| २५/०७६/०७७ | २०७७।४।१८ | ३:०० बजे | २०७७।४।१९ | १ बजे | २०७७।४।१९ | २ बजे |
| २६/०७६/०७७ | २०७७।४।१८ | ३:०० बजे | २०७७।४।१९ | १ बजे | २०७७।४।१९ | २ बजे |
| **२७/०७६/०७७** | **२०७७।४।१८** | **३:०० बजे** | २०७७।४।१९ | **१ बजे** | **२०७७।४।१९** | **२ बजे** |

| बैंकको नाम | कार्यालयको नाम | धरौटी खाता नं. |
|---|---|---|
| राष्ट्रिय बाणिज्य बैंक पृथ्वीचोक शाखा | पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय | ३०२००३०३०३०००२ |

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय न्यूरोड, कास्की गण्डकी प्रदेश, नेपाल

अधिकृत सातौं

## बोलपत्रका शर्तहरु

१) यस सम्बन्धि बिस्तृत जानकारी महानगरपालिकाको वेव साईट pokharamun.gov.np वा महानगरपालिका राजश्व शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

२) भ्याट र अग्रीम आयकर रकम ठेकदार कम्पनीले दाखिला गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

३) बोलपत्र नं. २५ को हकमा ५ बर्षको समय कायम रहेको छ भने धरौटी बापत नगद वा बैंक ग्यारेन्टी १ बर्षको समय रहेको , नं. २६ र २७ को हकमा ११ बर्षको लागी समय कायम गरीएको छ । बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्वन्धी अन्तिम निर्णय गर्ने अधिकार महानगरपालिकामा सुरक्षित रहनेछ ।

४) बोलपत्रहरुमा वोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरेको हुनु पर्ने छ । नभएमा बोलपत्र रितपुर्वक भएको मानिने छैन ।

५) ठेकेदार र पोखरा महानगरपालिका वीच ठेक्का शर्तहरुका सम्बन्धमा कुनै विवाद उठेमा पोखरा महानगरपालिकाको निर्णय अन्तिम हुनेछ यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन ।

६) ठेक्का स्वीकृत पश्चात सम्झौतामा उल्लेख बमोजिम पहिलो किस्ता नगद र बाँकी रकमको हकमा बैंक ग्यारेन्टी उपलब्ध गराउनु पर्नेछ । बोलपत्र स्वीकृत भएपश्चात सम्झौता अवधिमा सम्झौता गर्न नआएमा धरौटी जफत गरीनेछ ।

७) तोकिएको किस्ता म्याद भित्र नवुझाएमा महानगरपालिकाको तर्फबाट ठेक्का तोडि बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असुल उपर गर्ने गरी कानूनी प्रकृया अपनाईनेछ । असुल गर्न बाँकी रकममा १० प्रतिशत थप जरिवाना समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

८) हुलाक मार्फत वोलपत्र पेश गर्नेले वोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय भित्र कार्यालयमा दर्ता भैसक्नु पर्नेछ । सो म्याद नाघी आएको वोलपत्रलाई मूल्याँकनमा समावेश गरिने छैन । कुनै शर्त राखि पेश गरेको रित नपुगेको वोलपत्र माथि कुनै कारवाही गरिने छैन । आ.ब २०७६/०७७ मा टेन्डर स्विकृत भै सम्झौता गर्न पत्राचार गर्दा पनि संझौता नगरेका र बक्यौता रकम बांकी रहेका फर्महरुलाई आ.ब ०७६/०७७ को मुल्यांकनमा अयोग्य मानिनेछ ।

९) बोलपत्रका सम्बन्धमा थप केही बुझ्नु परेमा कार्यालय समयमा राजश्व शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ

१०) बोलंपत्र नं. २५ सिर्जना चोक स्थित महानगरपालिकाको भवनको प्रति सटर र फ्ल्याटको बोलपत्रको न्युनतम बोलपत्र दर यस प्रकार रहेको छ । यसै साथ संलग्न कवोल पत्रमा सटर नं. प्रष्ट लेख्नु पर्नेछ ।

| सि.नं. | सटर नं. | फारम दस्तुर रु | साईज (फिटमा) | | जम्मा क्षेत्रफल बर्गफिट | न्युनतम कवोल रकम रु | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| | | | लम्बाई | चौडाई | | | |
| १. | १.१ | १००० | १२ | १२ | १४४ | १३,२४० /- | ६०,०००/- |
| | १.२ | १००० | १२ | १२ | १४४ | १३,२४० /- | ६०,०००/- |
| | १.३ | १००० | १२ | १२ | १४४ | १३,२४० /- | ६०,०००/- |
| | १.४ | १००० | १२ | १२ | १४४ | १३,२४० /- | ६०,०००/- |
| | १.५ | १००० | १२ | १२ | १४४ | १३,२४० /- | ६०,०००/- |
| | १.६ | १००० | १२ | १२ | १४४ | १३,२४० /- | ६०,०००/- |
| | १.७ | १००० | १२ | १२ | १४४ | १३,२४० /- | ६०,०००/- |
| | १.८ | १००० | १२ | १२ | १४४ | १३,२४० /- | ६०,०००/- |
| | | | | | | | |
| २. | २ | १००० | २४ | ११ | २६४ | २४,२७५/- | ६०,०००/- |
| ३. | ३ | १००० | २६ | १४ | ३६४ | ३३,४७०/- | ६०,०००/- |
| ४. | ४ | १००० | १६ | १२ | १९२ | १७,६६० /- | ६०,०००/- |
| ५. | ५ | १००० | १६ | १६ | २५६ | २३,५४०/- | ३,५०,०००/- |
| ६. | पहिलो तला | ३००० | २२२८ बर्ग फिट | | | १,७८,१२० /- | ३,५०,०००/- |
| ७. | दोश्रो तला | ३००० | २२२८ बर्ग फिट | | | ८४,६४०/- | ३,००,०००/- |

पोखरा महानगरपालिका
नगरपालिकाको कार्यालय
पोखरा, कास्की
गण्डकी प्रदेश, नेपाल

अधिकृत सातौं

११) माथि उल्लेखित सुचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरु मिति २०७७।४।१९ गते दिँउसो २ बजे पोखरा महानगरपालिकामा खोलिनेछ । बोलपत्र खोल्दा निजको प्रतिनिधि उपस्थित भए वा नभए पनी खोल्न सकिनेछ ।

१२) बोलपत्रदाता र पोखरा महानगरपालिका बिच ठेक्का शर्त सम्बन्धी कुनै विवाद उठेमा पोखरा महानगरपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

१३) ठेक्का स्वीकृत भएपछि बोलपत्रदाताले कबोल गरेको रकम एकमुष्ठ रुपमा कार्यालयमा बुझाएमा ५ प्रतिशत छुट दिईनेछ

१४) बोलपत्र नं. २६ र २७ को हकमा ५० प्रतिशत रकम सम्झौताको समयमा दाखिला गर्नुपर्नेछ भने बाँकी रकमको हकमा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बित्तिय संस्थाले जारी गरेको परफरमेन्स बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

१५) बोलपत्र फारम खरीद गर्ने र पेश गर्ने दिनहरुमा बिदा परेमा सो को भोलिपल्ट वा लगत्तै कार्यालय खुलेको दिन र समय कायम हुनेछ ।

१६) महानगरपालिकाको काबुभन्दा बाहिरको कारणले ठेक्का सन्चालन हुन नसके वा अन्य कुनै कारण देखाई ठेक्का बापतको रकम मिनाहा वा छुट दावि गर्न पाईने छैन ।

१७) कालो सुचिमा परेका वा यस महानगरपालिकाको बक्यौता नतिरेको बोलपत्रदाताको बोलपत्र स्वीकार गर्न महानगरपालिका बाध्य हुने छैन ।

१८) कालो सुचिमा परेका वा यस महानगरपालिकाको बक्यौता नतिरेको बोलपत्रदाताको बोलपत्र स्वीकार गर्न महानगरपालिका बाध्य हुने छैन ।

८) यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

९) बोलपत्र नं. २६ र २७ को आय ठेक्का समयावधि सम्झौता भएको मितिले १ बर्ष सम्म कायम रहनेछ ।


१०) सुचनामा उल्लेख यस बमोजिमको धरौटी रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैक पृथ्वीचोक शाखामा धरौटी खाता नं.३०२००३०३०३०००२ मा जम्मा गरी सो को सक्कल भौचर वा (क) बर्गको बाणिज्य बैकबाट यस कार्यालयको नाउमा जारी भएको १२० दिन म्याद भएको बैंक जमानत पत्रको सक्कल पत्र टेन्डर फारम साथ संलग्न हुनुपर्नेछ ।

११) टेन्डर फर्म भर्दा अंक र अक्षरमा रकम भर्नुपर्नेछ । अंक र अक्षरमा रकम घटबढ भएमा अक्षर रकमलाई मान्यता दिईनेछ । केंरमेट भएको ठाँउमा सहिछाप गर्नुपर्नेछ ।

१२) टेण्डर स्वीकृत भएको मितिले १५ दिन भित्र पहिलो किस्ता र जमानत दाखिला गरेपछि मात्र सम्झौता प्रक्रिया अगाडि बढाईनेछ । म्याद भित्र सम्झौता नगरेमा राखेको धरौटी जफत गरी नियमानुसार कार्वाही अगाडि बढाईनेछ ।

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

अधिकृत सातौं




पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
नेपाल

अधिकृत सातौं

# (Bid Form)

मिति .....................

व्यवसायीको नाम ठेगाना ..................

सूचना नं २५ ।०७६।०७७

श्री पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल

तहाँ कार्यालयबाट मिति प्रथम पटक सुचना प्रकाशित मिति २०७७/०३/१९ मा गते प्रकाशित सुचना अनुसार बोलपत्र नं. २५ महानगरपालिकाको सिर्जना चोक स्थित भवनको सटरहरु र तल्लाहरु सम्वन्धी बोलपत्र आव्हान भएको बोलकबोलको सूचना बमोजिम बोलपत्रको शर्तहरुमा मन्जुर भइ बोलकबोल गर्न निवेदन पेश गरेका छौ ।

१। मेरो फर्म कानूनी हिसावले यस पोखरा महानगरपालिका सँग ठेक्का पट्टा बोलकबोल गर्न बैध रहेको छ र कुनै पनि स्वार्थ बाझिएको छैन ।

२। हामिं कुनै पनि कानूनी हिसावले कालो सूचीमा परेका छैनौ साथै कुनै गैरकानूनी कार्यमा संलग्न भई वा अन्य कुनै कारणले म अयोग्य नरहेको भनि स्व घोषणा गर्दछु ।

३। राजस्व संकलनका लागि जारि भएको बोलपत्र सम्बन्धि सबै कागजातहरुको अध्ययन गरियो र यसमा हाम्रो पूर्ण सहमति रहेको छ ।

४। राजस्व संकलनको लागि जारि भएको बोलपत्रको शर्तहरुं पालना गरि कार्यालयबाट जारि हुने निर्देशन अनुसार कार्य गर्न मन्जुर रहेका छौ ।

५। कुल कबोल रकम रु .......................................... मु.अ.कर बाहेक कार्यालयको शर्त बमोजिम राजस्व भुक्तानी गर्ने गरि कबोल अङ्क रहेको छ ।

६। कबोल अङ्क रकम रु ................................ जमानत बापत रकम जम्मा गरेका छौ वा ......................................बैंकको बैक जमानत पत्र पेश गरेका छौ ।

७। यदी हाम्रो बोलपत्र स्विकृत भएमा बोलकबोल कागजातमा उल्लेख भए बमोजिमको समयमा राजस्व रकम भुक्तानी गर्न मन्जुर छौ ।

८। यस बोलपत्रमा हाम्रो कुनै किसिमको सब कन्ट्र्याक्टर रहेको छैन र बोलपत्र स्विकृत भएको अवस्थामा पनि कुनै किसिमको सब कन्ट्र्याक्टर मार्फत कार्य गराईने छैन ।

९। बोलपत्र सम्झौता भएको खण्डमा यस फर्मको प्रतिनिधिको रुपमा तल उल्लेखित व्यक्तिले कार्य गर्नेछ ।

नाम ..................................................................

पद ..............................................

सही .....................................

मिति .........................................

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय पोखरा, कास्की गण्डकी प्रदेश, नेपाल

अधिकृत सातौं

# Bid Data Sheet

| | |
|---|---|
| **A. General** | |
| | The Employer is:<br>Pokhara Metropolitan City,<br>Office of Municipal Executive, New Road Kaski |
| | For clarification purposes only, the Employer's address is:<br>Attention: Ganesh Pandey<br>Address: PMC, Office of Municipal Executive, New Road , Kaski<br>Telephone: 061-536118<br>Facsimile number: 061-520600<br>Electronic mail address: pokharamun@gmail.com |
| **B. Preparation of Bids** | |
| | The language of the bid is: English /Nepali |
| | The bid validity period shall be: ***one hundred Twenty (120) days*** |
| | Deposit Amount shall be: ***Depend up on Per shutter and Flats.*** |
| | **Cash Deposit Account**<br>Name of Office: Pokhara Metropolitan City<br>Bank Name: Rastriya Banijya Bank,<br>Bank Address: Prithivichowk, Pokhara<br>Account Number: 3020303007106<br>**Bid fee Payment Account**<br>Name of Office: Pokhara Metropolitan City<br>Tax Section |
| **D. Submission and Opening of Bids** | |
| | For bid submission purposes only, the Employer's address is :<br>Attention:***Chief Administrative Officer***<br>Address: PMC, Office of Municipal Executive, Newroad , Kaski<br>The deadline for bid submission is :<br>Date : 2077/05/19 Time : 1 o'clock |
| | The bid opening shall take place at :<br>Address: PMC, Office of Municipal Executive, Newroad , Kaski<br>Date : 2077/5/19 ,Time :02:00 |

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्युरोड, कास्की

# कबोल पत्र

## सिर्जनाचोक स्थित भवनका सटरहरु र तलाहरुको कबोल विवरण

आय ठेक्का नं. : २५/PMC/2076/077 आ.व.:०७७/०७८

| न्युनतम ठेक्का रकम रु. | कबोल रकम रु. | |
|---|---|---|
| | अंकमा | अक्षरमा |
| सटर नं. :<br><br>तला नं. : | | |
| अग्रीम आयकर १.५ % | | |
| मू.अ.कर १३ % | | |
| कुल जम्मा | | |

कम्पनि वा फ़र्मको नाम :

ठेगाना :

कम्पनिको सहीछाप :

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्युरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

अधिकृत सातौं